आज मिति २०८१/११/१२ गते आईतवार का दिन विहान ८:०० बजे गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्तावमाथि छलफल गरी निम्नानुसार निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री संजिव कुमार यादव (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

आमन्त्रित :

श्री संजय कुमार ठाकुर (लेखापाल)

श्री दुर्गानिन्द कुमार यादव (कम्प्युटर अपरेटर)

CamScanner

प्रस्तावहरु :

१. कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।
२. स्वास्थ्यका कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिने सम्बन्धमा ।
३. कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सम्बन्धमा ।
४. दाउरा वितरणको भुक्तानी सम्बन्धमा ।
५. कार्यपालिकाको पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा गाउँसभाबाट स्वीकृत कार्यक्रमहरु मध्ये तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| गाउँसभाबाट स्वीकृत कार्यक्रम | संचालन गर्ने कार्यक्रम |
|---|---|
| पूँजीगत परामर्श खर्च (खर्च संकेत नं. ५.१.८) | चक्रघट्टा गा.पा.को यातायात गुरु योजना निर्माण कार्यको लागि रु. ५ लाख । |
| | कृषि विद्युतिकरण गुरु योजना निर्माण कार्यको लागि रु. ५ लाख । |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च (खर्च शीर्षक नं. २२५१२) | बाल विवाह रोकथाम सम्बन्धि जनचेतनामूलक कार्यक्रम रु. ५ लाख । |
| | |
| सफ्टवेयर निर्माण तथा खरिद खर्च (पूँजीगत संकेत नं. ५.१.७ बाट) | स्वास्थ्यको एच. एम. आई. एस. सफ्टवेयर जडान कार्यको लागि रु. ५ लाख । |
| कर्मचारी/पदाधिकारी तालिम एवं अवलोकतात्मक भ्रमण खर्च (खर्च शीर्षक नं. २२५११) | गाउँपालिकाको पदाधिकारी/कर्मचारीलाई मधेश प्रदेश र कोशी प्रदेशको स्थानीय तह अवलोकतात्मक भ्रमण कार्यको लागि रु. ५ लाख । |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकाको वडा कार्यालयमा हाल रिक्त रहेका दुई जना वडा सचिव पदमा कामकाज गर्नको लागि स्वास्थ्य शाखा अन्तर्गत कार्यरत श्री विश्वनाथ मुखिया (जन स्वास्थ्य निरीक्षक) र श्री रामएकवाल राय (सि.अ.हे.व. पाँचौ) लाई अर्को व्यवस्था नभएसम्मको लागि कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका सर्लाही, युनिसेफ नेपाल र सामाजिक संस्था जिल्ला समन्वय समिति (SODCC) पर्साको सहकार्यमा यस गाउँपालिकाको विभिन्न वडाहरुमा संचालनमा रहेको किशोरी शिक्षा कार्यक्रमको लागि मिति २०८१।०७।२१ गतेको सम्झौता, सामाजिक संस्था जिल्ला समन्वय समिति (SODCC) पर्साको पत्र संख्या २०८१/०८२, च.नं. १०० र मिति २०८१।११।२१ को पत्र वमोजिमका व्यक्तिहरुलाई नियुक्त गरी सम्झौता अनुसारको पारिश्रमिक रकम चालु खर्च संकेत नं. २११११ वाट भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८१।०८२ को जाडोयाममा विभिन्न वडामा सार्वजनिक स्थलमा दाउरा वितरण गरेको खर्चलाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा कार्यपालिकाबाट भएको निर्णयहरुको समिक्षा गर्दा कार्यपालिकाको निर्णय कार्यान्वियनमा संतोषजनक कार्य रहेको व्यहोरा निर्णय गरियो ।